नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
# केन्द्रीय आयोजना कार्यान्वयन इकाई
## (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
ज्वागल, ललितपुर

प.सं.: २०७४/०७५
च.नं.: ७६८

मिति: २०७५/०२/१६

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार),सबै (३१ जिल्ला)।
श्री महानगरपालिका/उप-महानगरपालिका कार्यालय, सबै (३१ जिल्ला)
श्री नगरपालिका कार्यालय, सबै (३१ जिल्ला )।
श्री गाउँपालिकाको कार्यालय, सबै (३१ जिल्ला)।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सबै (३१ जिल्ला)।

विषय :- विवरण खुलाई पठाउने सम्बन्धमा ।

उपरोक्त विषयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प.सं. ०७४।०७५, च.नं.१६५, मिति २०७५।०२।१६ को पत्रानुसार भूकम्पबाट प्रभावित भई लाभग्राही कायम भएका भूमिहिन भनी सिफारिस भई आएका लाभग्राहीका लागि बसोबास योग्य जग्गा खरिद गर्ने सम्वन्धमा मिति २०७४।१०।०५ को निर्णयानुसार सम्वन्धित जिल्ला स्थित कार्यालयमा लाभग्राहीको नाम, सर्वेक्षण निस्सा नं., सम्झौता क्र.सं., अनुदान सम्झौता भए/नभएको र भएको भए अनुदान सम्झौता गरी पेश गरेको जग्गा सम्बन्धि प्रमाण, सम्वन्धित स्थानीय तहको सिफरिस, साविकको बसोबास सरकारी, सार्वजनिक वा वन क्षेत्रमा भएको प्रमाण पेश गर्न लगाई सो सम्बन्धि विवरण तयार गरी लाभग्राहीको विवरण मात्र भूमीहिन लाभग्राही कायम गर्नको लागि यस प्राधिकरणमा पठाउनु हुन मातहतका जिल्ला आयोजना कार्यान्वयन इकाईहरुलाई निर्देशन हुन प्राधिकरणको प.सं. ०७४।७५, च.नं. २४९६, मिति २०७४।१०।०५ को पत्रको प्रतिलिपी संलग्न राखी प्राप्त हुन आएकोले सो सम्वन्धमा तहाँ DL-PIU, GMaLI मार्फत उल्लेखित विवरण तयार गरी यथाशक्य चाँडो उपलब्ध गराउनु हुन निर्देशन गरिएको व्यहोरा अनुरोध छ ।

पुनश्चः राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको प.सं. ०७४।०७५, च.नं.१६५, मिति २०७५।०२।१६ पत्र र प.सं. ०७४।७५, च.नं. २४९६, मिति २०७४।१०।०५ को पत्र समेतको छायाँप्रति (पाना-३) यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

(नारायण प्रसाद श्रेष्ठ)
आयोजना उप-निर्देशक

**बोधार्थ :**
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
(जग्गा व्यवस्थापन तथा भौगर्भिक अध्ययन शाखा),
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

**(जग्गा व्यवस्थापन तथा भौगर्भिक अध्ययन शाखा)**

प.सं: ०७४।७५
च.नं: १६५.

सिंहदरबार, काठमाडौं
फोन नं: ०१-४२००३२६

केन्द्रीय आयोजना कार्यान्वयन इकाई
अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार
दर्ता नं:- १२५५
मिति:- ०७५।२।१६

मिति २०७५।०२।१६

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
केन्द्रिय आयोजना कार्यान्वयन इकाई,
अनुदान व्यवस्थापन तथा स्थानिय पूर्वाधार ।

**विषय: खुलाई पठाउने सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा भूकम्पबाट प्रभावित भई लाभग्राही कायम भएका भूमिहिन भनी सिफारिस भई आएका लाभग्राहीकालागी बसोबासयोग्य जग्गा खरिद गर्ने सम्वन्धमा मिति २०७४।१०।०५ को निर्णयअनुसार सम्वन्धित जिल्ला स्थित कार्यालयमा लाभग्राहीको नाम, सर्वेक्षण निस्सा नं., सम्झौता क्रम संख्या, अनुदान सम्झौता भए/नभएको र भएको भए अनुदान सम्झौता गरी पेश गरेको जग्गा सम्वन्धि प्रमाण, सम्वन्धित स्थानिय तहको सिफारिस, साविकको बसोबास सरकारी, सार्वजनिक वा वन क्षेत्रमा भएको प्रमाण पेश गर्न लगाई सो सम्वन्धि विवरण तयार गरी लाभग्राहीको विवरण मात्र भूमिहीन लाभग्राही कायम गर्न को लागी यस प्राधिकरणमा पठाउनुहुन मातहतका जिल्ला आयोजना कार्यान्वयन इकाईहरुलाई निर्देशन हुन अनुरोध छ । साथै २०७४।१०।०५ को पत्रको प्रतिलिपि यसै साथ संलग्न छ ।

(कमल घिमिरे)
प्रमुख नापी अधिकृत
प्रमुख नापी अधिकृत

श्री नारायण जी
२।१६

श्री प्रशासन
पत्र संलग्न राखी सबै DLPIU, स्थानीय तहमा पठाउने ।
०७५।२।१७

नेपाल सरकार
# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
(जग्गा व्यवस्थापन तथा भौगर्भिक अध्ययन शाखा)
सिंहदरबार, काठमाण्डौ।

मिति: २०७४/१०/०५

पत्र संख्या: ०७४/७५
चलानी नं: ८५

विषय : भूकम्प पिडितका लागि जग्गा खरिद सम्बन्धमा ।

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
जिल्ला समन्वय समितिको सचिवालय,
सबै ।

उपरोक्त विषयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, जिल्ला समन्वय समितिको विभिन्न जिल्लामा अवस्थित सचिवालयहरुबाट भूकम्प पिडितका लागि जग्गा खरिद सम्बन्धमा प्राप्त पत्रहरु अध्ययन गरी हेर्दा भूकम्प पिडितका लागि जग्गा खरिद गर्ने विषयमा जिल्लास्थीत सबै सचिवालयहरुले एक रुपता अपनाई कार्यसम्पन्न गर्नुपर्ने देखिएकाले निम्नानुसार भूमिहिन र जोखिमयूक्त वस्तीका लाभग्राहीहरुलाई जग्गा खरिद सम्बन्धि कार्य अघि बढाउनका लागि यो परिपत्र गरिएको व्यहोरा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको मिति २०७४।१०।०५ को निर्णयानुसार अनुरोध छ ।

१. "भूकम्प पिडितलाई बसोवासयोग्य जग्गा खरिद सम्बन्धि मापदण्ड, २०७४" ले गरेको व्यवस्था अनुसार यस प्राधिकरणबाट भौगर्भिक अध्ययन भई जोखिमयूक्त वस्तीका लाभग्राहीको रुपमा पारीत सूचिमा सूचिकृत भएका लाभग्राहीहरुलाई सोही मापदण्डको अनुसूची १ बमोजिम निवेदन र सिफारिशका आधारमा सम्बन्धित जिल्लाबाट नै कारवाहीको टुङ्गो लगाउने ।

२. सरकारी, सार्वजनिक वा वनक्षेत्रको जग्गामा बसोवास भएका भूमिहिन लाभग्राहीहरुको सर्न्दभमा सम्बन्धित जिल्लाबाट निवेदन संकलन गरी अनुदान संझौता भएकाहरुको हकमा के कस्तो प्रमाणको आधारमा संझौता भएको रहेछ भनी प्रमाण केलाई "भूकम्पबाट प्रभावित निजि आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि (पहिलो संसोधन) २०७३" को अनुसूची १ को बुँदा नं. १२ ले गरेको व्यवस्थाको समेत अध्ययन गरी "भूकम्प पिडितलाई बसोवासयोग्य जग्गा खरिद सम्बन्धी मापदण्ड २०७४" को अनुसूची १ बुँदा छ (क) ले गरेको व्यवस्था अनुसार भएको सिफारिश पत्रको आधारमा भूमिहीन लाभग्राही कायम गर्नको लागि जिल्ला स्थित सचिवालयले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा लेखी पठाउने ।

प्रमुख नापी अधिकृत

O/C

३. विभिन्न जिल्ला स्थित जिल्ला समन्वय समितिको सचिवालयले भिरालो जमिनमा बसोवास भई घर भत्कीएका तर पहिरोको जोखिम नभएका अथवा भौगर्भिक अध्ययन प्रतिवेदनले जोखिमयूक्त वस्ती भनी नदेखाएको क्षेत्रका घरपरिवार समेतलाई भूमिहिन सरह सुविधा उपलब्ध गराउनुपर्ने आसय देखीने गरी पत्राचार गरेको देखिएकाले त्यस्ता घरपरिवारको हकमा भूमिहिन लाभग्राही सरहको सुविधा उपलब्ध गराउन नसकिने ।

बोधार्थ :

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
आवास वस्ती तथा स्थानीय पुर्वाधार विकास महाशाखा ।

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
संपदा संरक्षण, सार्वजनिक भवन तथा पुर्वाधार महाशाखा ।

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
नीति, अनुगमन, मुल्याङकन तथा समन्वय महाशाखा ।

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
योजना तथा बजेट व्यवस्थापन महाशाखा ।

श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
जनशक्ति व्यवस्थापन महाशाखा ।

कमल घिमिरे
प्रमुख नापी अधिकृत

प्रमुख नापी अधिकृत